महिला तथा बाल अधिकारको सुनिश्चितता हाम्रो प्रतिबद्धता

# हाम्रो आवाज

मासिक बुलेटिन

बर्ष : १६ | अङ्क : ९ | महिना : फागुन, २०७२

## सञ्चार अनुगमन मासिक प्रतिवेदन- फागुन २०७२

देशका अधिकांश जिल्लामा महिला तथा बालबालिकामाथि हुने हिंसा रोक्ने प्रयास भइरहे पनि व्यवहारमा  भने उपलब्धि हात लाग्न सकेको छैन । महिलाहरु दाइजो नल्याएको, छोरा नजन्माएको, काम नगरेको, सुन्दर नभएको, आचरण खराब भएको जस्ता आरोप पति, सासु तथा घरपरिवारका अन्य सदस्यहबाट लगाइएका कारण महिलाले आत्महत्याको बाटो रोज्ने गरेका छन् ।

त्यसैगरी, मन पराएको केटासँग विवाह गर्न नपाएर किशोरीले आत्महत्या गरेको समाचार पनि यस पटक प्रकाशित भएको देखिन्छ । बुवाको मृत्यु वा बेपत्ता भएपछि आमाले दोस्रो विवाह गर्दा बालबालिकाहरु बिचल्लीमा परेको पाइएको छ । बालबालिकाको अपहरण पछि हत्या भएका दर्दनाक समाचार पनि यस अवधिमा प्रकाशित छ । बालिका बलात्कारमा परेका, काम बिगारको बहानामा यातना सहन बाध्य भएको जस्ता अमानवीय व्यवहार बालबालिकामाथि हुने गरेको पनि अखबारहरुले उल्लेख गरेका छन् । महिला तथा बालबालिका सम्बन्धी हिंसा न्यूनीकरणका लागि सञ्चार माध्यममा बज्ने सन्देश र सडक नाटक, सडक छेउ वा मानिसको चहलपहल बढी हुने ठाउँमा राखिएका ठूलाठूला होर्डिङ बोर्डले पनि समाजमा सकारात्मक प्रभाव पार्न सकेको छैन ।

राजधानीबाट प्रकाशित दैनिक अखबारहरुको अनुगमन गर्दा २०७२ को फागुन महिनामा मुलुकभर महिला र बालबालिकामाथि भएका हिंसाका १९ वटा घटना भएको पाइएको छ । त्यसमध्ये महिला हिंसासँग सम्बन्धित ७ वटा रहेका छन् भने बालबालिकासँग सम्बन्धित ९ घटना प्रकाशित भएका छन् । प्रकाशित समाचारमा महिला तथा बालबालिकाको हत्या, बलात्कार, घरेलु हिंसा, यौनजन्य हिंसा, बेचविखन तथा बिचल्लीमा परेका महिला र बालबालिकासँग सम्बन्धित विषयहरु रहेका छन् ।

## हिंसामा महिला :




राजधानीबाट प्रकाशित चार दैनिक गोरखापत्र, कान्तिपुर, नागरिक र अन्नपूर्ण पोष्टका अनुसार यस महिनामा ३ महिलाको हत्या भएको छ । घरमा सासु र पतिले गर्ने दुर्व्यवहार सहन नसकेर १ महिलाले दुई छोराछोरीको हत्या गरी आत्महत्या गरेकी छन् भने १ महिला बलात्कृत भएकी छन् । त्यसैगरी बिचल्ली र बेचबिखनबाट १-१ जना महिला पीडित भएको समाचार अनुगमनका क्रममा भेटिएको छ ।

## हिंसामा बालबालिका :



अखबारहरुले हिंसामा परेका बालबालिकासँग सम्बन्धित घटना ९ वटा पहिचान गरेका छन् । त्यसमध्ये ४ बालबालिको हत्या भएको छ, भने ५ बालिका बलात्कारको शिकारमा परेका छन्, त्यसमध्ये १ बालिका सामूहिक बलात्कारमा परेको मार्मिक विवरण प्रकाशमा आएको छ । त्यसैगरी १ किशोरीले आफूले इच्छाएको भन्दा अर्कै केटासँग अभिभावकले जवर्जस्ती विवाह गरिदिन खोज्दा आत्महत्याको प्रयास गरेको समाचार पनि प्रकाशित भएको छ । २ बालबालिका बाबु बेपत्ता भएपछि आमा अर्कैसँग दोस्रो विवाह गरी भारत पलायन भएपछि बिचल्लीमा परेको समाचार प्रकाशन भएको छ ।




हिंसामा महिला तथा बालबालिकासँग सम्बन्धित घटनालाई क्षेत्रगत आधारमा हेर्दा पूर्वाञ्चल ४, मध्यमाञ्चल ८ पश्चिामाञ्चल २ र मध्य-पश्चिमाञ्चल २ रहेको देखिन्छ ।

## अधिकारका लागि इह्रिकनको ऐक्यवद्धता

फागुन २५ गते ८ मार्च अर्थात १०६ औं अन्तर्राष्ट्रिय नारी दिवसका अवसरमा ***"लैङ्गिक समानताका लागि पाइला हाराहारीः सन् २०३० सम्म हिस्सा बराबरी" तथा "संविधानलाई व्यवहारमा उतारौंः महिला अधिकार सुनिश्चित गरौं"*** भन्ने नाराका साथ नेपालमा पनि विभिन्न चेतनामूलक कार्यक्रम आयोजना गरी अन्तर्राष्ट्रिय नारी दिवस मनाइयो । यसै सन्दर्भमा काठमाडौंमा मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) ले पनि विविध कार्यक्रममा सहभागिता जनायो । इह्रिकनले मेनइङ्गेज अलायन्सको सचिवालयको भूमिका निर्वाह गर्दै जुलुसको अगुवाइ गरेको थियो ।

# तस्बीरमा मार्च ८ अर्थात् अन्तर्राष्ट्रिय नारी दिवस, २०१६


















INSTITUTE OF HUMAN RIGHTS COMMUNICATION, NEPAL
मानव अधिकार संचार प्रतिष्ठान, नेपाल
IHRICON

थप जानकारीका लागि

**मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इहृकन )**

ज्वागल कुपण्डोल ललितपुर

फोन नं. ०१-५०११२०४, ५५४४२०५ मा सम्पर्क गर्न अनुरोध छ ।